फोन नं. : ०२४-५२०१९५

# पाँचथर जिल्ला अदालत

फिदिम, पाँचथर

## सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

(सूचना प्रकाशित मिति : २०७३।१२।१४ गते)

यस अदालतको लागि कम्पाउण्ड वाल र थुनुवा प्रतिक्षालय निर्माण सम्बन्धी कार्य सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजतप्राप्त मू.अ.कर वा आयकरमा दर्ता भएका, आयकर तिरेका र तोकिए अनुसारको मापदण्ड पुगेका रजिष्टर्ड कम्पनी वा फर्महरुबाट निम्नलिखित सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

सर्तहरु :

१. सिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित मितिले १५ औं दिनसम्म यस कार्यालयको काउन्टर समयभित्र रु. १०००।०० (पछि फिर्ता नहुने गरी) बुझाएको सक्कलैप्रति भौचर, आ.व. २०७३/०७४ का लागि नवीकरण गरिएका कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहितको निवेदन पेस गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । खरिद गरिएको उक्त दरभाउपत्रहरु प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । साथै दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति/अनुपस्थितिमा समेत खोलिनेछ ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु सोको भोलीपल्ट हुनेछन् ।

३. सिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत भएको र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नुपर्नेछ । एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

४. सिलबन्दी दरभाउपत्रको खाम बाहिर दरभाउपत्र नंम्बर, फर्मको नाम र ठेगाना खोली यस कार्यालयलाई सम्बोधन गरी पेस गर्नुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रामा प्रष्टरुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ । सिलबन्दी दरभाउपत्रमा दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।

६. दरभाउपत्रदाताले लागत अनुमानको २.५ प्रतिशतले हुन आउने रकम यस जिल्लास्थित को.ले.नि.का. को नामबाट ने.बैं.लि. फिदिम शाखामा रहेको धरौटी खाता नं. ख-३-९० मा नगदै जम्मा गरेको बैंक सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ७५ दिन मान्य अवधिको जमानतपत्र (बिडवण्ड) पेस गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि थप २.५ प्रतिशतले हुन आउने रकम वा बैंक जमानत पेस गर्नु पर्नेछ ।

८. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. म्याद नाघी आएको, रीत नपुगेको र सर्त राखिएको दरभाउपत्रउपर कुनै कारबाही गरिने छैन ।

१०. उपरोक्त सर्तबाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

११. दरभाउपत्रसम्बन्धी कुनै थप जानकारी चाहिएमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

निम्न :

| क.सं. | दरभाउपत्र नं. | कामको विवरण | बिडबण्ड रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ०७३/७४-०१ | कम्पाउण्ड वाल निर्माण | २०,१००।- | |
| २. | ०७३/७४-०२ | थुनुवा प्रतिक्षालय निर्माण | १३,५००।- | |

२०७३।१२।१४

.............................

स्रेस्तेदार

पाँचथर जिल्ला अदालत

फिदिम, पाँचथर